# gjlj sNk

(धवलागिरिमा सर्वाधिक लोकप्रिय पत्रिका)

साप्ताहिक

web: www.bikalpanews.com /bikalpanews /NawabikalpaWeek

वर्ष ९ अङ्क ४० पूर्णाङ्क ४२९ | आइतवार, असार ४, २०७४ | June 18, 2017, Sunday | पृष्ठसङ्ख्या ६+२ | मूल्य रु. १०/-




बेनीमा पहिलो पटक दृष्टिविहीनको क्रिकेट प्रतियोगिता

विस्तृत अन्तिम पृष्ठमा

# विकास बजेट परिचालनमा समस्या

■ सन्तोष गौतम/नवविकल्प

नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तरगत बेनी नगरपालिका कार्यालयले गत मंसिरमा २६ लाख रूपैयाँ बजेट बिनियोजन गरेको बेनपा ४ तातोपानी बजारमा नाली निर्माण योजना जेठ महिनादेखि सुरू भयो ।

उपभोक्ता समिति गठन र स्थानीयबाट थप २६ लाख रूपैयाँ जनसहभागिताका लागि रकम जुटाउन ढिलाई भएका कारण नाली निर्माण योजना आर्थिक वर्षको अन्तिममा सुरू भएको हो ।

प्राबिधिक सर्वेक्षण, सम्झौता र रकम जुटाउन भएको ढिलाईका कारण आर्थिक वर्षको अन्तमा कामको चाप परेको उपभोक्ता समितिका अध्यक्ष तुलप्रसाद श्रेष्ठले बताउनुभयो ।

बेनी नगरपालिका १० तोरीपानी स्थित गलेश्वर माविमा भवन निर्माणका लागि नगरपालिकाले बिनियोजन गरेको २८ लाख रूपैयाँ बजेट समुदायले जनसहभागिता वापतको रकम जुटाउन नसकेपछि कार्यान्वयन हुन सकेको छैन् ।

बेनी बजारको फोहोर व्यवस्थापनका लागि डम्पीङ साईट निर्माणका लागि नगरपालिकाले बिनियोजन गरेको ४० लाख ६० हजार रूपैया स्थान पहिचान हुन नसकेपछि खर्च हुन नसक्ने अवस्थामा छ ।

जिल्ला समन्वय समितिको छ लाख रूपैयाँ अनुदानमा २०७३ फागुन २१ गते देखि मालीका गाउँपालिका ३ अदिभारामा सुरू भएको सिँचाई कुलो निर्माण कार्य असार २ गतेसम्म सुरूको अवस्थामा छ । १४४ मिटर पक्कि कुलो बनाउन उपभोक्ताले श्रमदान गरेर नाली खनेर निर्माण सामाग्री जुटाएका मात्र छन् ।

२०७३ मंसिरमा निर्वाचन क्षेत्र पूर्वाधार बिशेष कार्यक्रमबाट सांसदहरूको सिफारिसमा दश लाख रूपैयाँ बिनियोजन भएको कुहुँमा खेलमैदान निर्माण योजनाको काम जेठ अन्तिममा सुरू भएको छ । २०७३ कात्तिकमै जिल्ला समन्वय समिति मार्फत चालीस लाख रूपैयाँ बजेट बिनियोजन भएको दरवाङ बिम ताकम मुना लुलाङ जलजला सडकको ताकम बिम खण्डको ट्र्याक खोल्ने काम पनि मध्य जेठमा आएर सुरू भयो ।

उपभोक्ता समितिका सचिव किरण थापाले कुन क्षेत्रमा काम गर्ने भन्ने विषयमा अन्यौलताका कारण काममा ढिलाई भएको बताउनुभयो ।

बाँकी पृष्ठ ७ मा



बेनी–दरवाङ सडकको मंगलाघाट खण्डमा सडक फराकीलो बनाउन ढलान र पर्खाल निर्माण गरिदै ।

तस्विर नवविकल्प

## म्याग्दीमा बिनियोजित र खर्च भएको पुजीगत बजेटको विवरण

| क्र.स | आर्थिक वर्ष | पुजीगत बजेटको रकम | खर्च भएको रकम | प्रतिशतमा |
|---|---|---|---|---|
| १. | २०७०/७१ | १०,०५,४७,९००।- | ८,९६,७५,३३६।- | ९१.४४ |
| २. | २०७१/७२ | २४,४८,८४,८८०।- | १९,३३,५५,९६०।- | ७९ |
| ३. | २०७२/७३ | ३४,५८,३२,५००।- | २९,०५,८६,५२६।- | ८४ |
| ४. | २०७३/७४ | ५६,२०,६०,५६०।- | २९,६३,१२,५८३।- (असार ४ गतेसम्मको) | ५२.७१ |
| ५. | २०७४/७५ | १,५५,१७,००,०००।- (छ वटा स्थानीय तहलाई प्रस्तावित कुल बजेट) | | |

## यसभित्र...

### सातका तस्वीर



पृष्ठ २ मा

### अनुदान रकममा अनियमितता




समाचार पृष्ठ ६ मा

## "हुलाकी दाई" को अधुरो सपना !

... जीवनको गोरेटोमा हात समातेर टुकु टुकु हिंड्न सिकाउने मायालु र वरद हातहरुको सधै अभाव खट्के होला । सायद, अभावै अभावको बीचमा पनि आफूले गरेको संघर्ष र पाएको दु:ख कष्टका कथाहरु समाजसँग विनिमय गर्ने धोको हुँदो हो । आँसुको मसीले लेखिएका आफ्ना दुख कष्टका कथाहरु समाजसमक्ष पस्कने इच्छा हुँदो हो । विचरा ती सबै कथाहरु हुलाकी दाइको भौतिक देहसँग चितामै एकैसाथ खरानी भए ।

विस्तृत पृष्ठ ४ मा

विभिन्न क्षेत्रका समाचारहरु

फेसबुक/ट्वीटर बोली

लगायतका विविध सामग्रीहरु


टाइप, सेटिङ तथा डिजाइन सम्बन्धी सम्पूर्ण कामका लागि

**शर्मा डेस्कटप**

बेनीबजार, म्याग्दी

मो.नं. ९८५७६२१५६०



प्रो. नारायण जि.सी.

मो.नं. ९८५१०१८६८३, ९८५७६४०००३

**जि.सी. क्रसर उद्योग**

बेनी नगरपालिका–११, बगुवाखोला, म्याग्दी

सम्पर्क: ०६९–५२१०३३, ९८०५२०६२३५ (दिपक)

हाम्रा सेवाहरु

आधुनिक क्रसर मेसिनबाट उत्पादित उच्च गुणस्तरीय गिट्टी, बालुवा, ग्रावेल तथा ४ र ६ इन्चका ब्लक चाहिएमा हामीलाई सम्झनुहोस् ।

साथै

एस्काभेटर, डोजर, टिपर लगायतका हेभी इक्युप्मेन्ट चाहिएमा समेत हामीलाई सम्पर्क गर्नुहोस् ।

तपाईंको सेवाका लागि सम्पूर्ण निर्माण सामग्री एकै ठाउँमा...

**STUDY & WORK IN JAPAN**

Admission Open .........

Our Services:-

- Basic, Intermediate & advance language with audio & video classes.
- NAT-TEST, JLPT, Top-j, IELTS, TOFEL & EPS-TOPIK Prep-eration Classes.
- Free Processing.
- Part time job Supported by School.
- Above +2, Bachelor & Masters students can apply.
- High visa Sucess rate
- City on your choice

TOKYO, CHIBA, NAGOYA, OSAKA, SENDAI, HOKKALDO, FUKUOKA & Many more.

INTAKE: April/July/October/January

Your bridge for aboard study in Japan
for more detail visit us.............

**S. Raj Language Institute (P) Ltd.**

Sangam Chock-Beni

Contact: ☎ 069-521185, 9846779548

LIVE LEARN EARN

निर्णय हजुरको सल्लाह हाम्रो, उचित परामर्शको लागि सम्पर्क गर्नुहोला ।

# सूचना

- सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

सूचना विभाग

## ;dfrf/

# बिरेन्द्र चोकमा निशुल्क खानेपानी

■ **नवविकल्प**

बेनी नगरपालिका ७ को बिरेन्द्रचोक टोल सुधार समितिले सार्वजनिक स्थलमा निशूल्क शुद्ध खानेपानी सुबिधाको ब्यवस्था मिलाएको छ ।

टोल सुधार समितिको सक्रियतामा जिल्ला प्रशासन कार्यालय अगाडीको पिपल चौतारी परिसरमा निर्माण गरिएको सार्वजनीक खानेपानी धाराको शनिबार प्रमुख जिल्ला अधिकारी राजुप्रसाद पौडेल र बेनी नगरपालीकाका मेयर हरिकुमार श्रेष्ठले उद्घाटन गर्नुभयो ।

बटुवाहरूको सुबिधाका लागि टोल सुधार समितिले स्थानीय बासिन्दा र संघ संस्थाबाट चन्दा संकलन गरेर एक लाख ८५ हजार ४३ रूपैयाँको लागतमा युरो गार्ड जडान भएको टंकी र धारा मार्फत खानेपानी उपभोग गर्ने ब्यवस्था मिलाएको हो ।

उद्घाटन कार्यक्रममा प्रजिअ पौडेल, मेयर श्रेष्ठ, उपमेयर सञ्जु बरूवाल र वडा न. ७ का अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले बिरेन्द्रचोक टोल सुधार समितिले सर्वसाधारणको खानेपानी सुबिधा र टोलको सरसफाईका लागि गरेको प्रयासको प्रशंसा गर्नुभयो । समितिका अध्यक्ष दलप्रसाद श्रेष्ठको अध्यक्षता, सचिव लालबहादुर थापाको सञ्चालन र सदस्य कुलप्रसाद श्रेष्ठको स्वागत मन्तब्यमा सम्पन्न कार्यक्रममा कोषाध्यक्ष पुष्पा पुनले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । बिरेन्द्रचोक टोल सुधार समितिले प्रत्येक शनिबार सार्वजनिक स्थलको सरसफाईका साथै विभिन्न सामाजिक गतिबिधिमा सक्रिय हुदै आएका छन् ।

# डडुवामा लिफ्ट प्रबिधिको खानेपानी बन्दै

■ **नवविकल्प**

बेनी नगरपालिका ५ डडुवामा नयाँ प्रबिधिको खानेपानी आयोजना निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

खानेपानी अभावका कारण चरम समस्या झेल्दै आएका डडुवा बासीको सुबिधाका लागि लिफ्ट प्रबिधिको आयोजना निर्माण हुन लागेको हो । जिल्ला समन्वय समिति अन्तरगतको दोस्रो चरणको पश्चिम नेपाल ग्रामिण खानेपानी तथा सरसफाई परियोजना मार्फत सञ्चालीत आयोजनाको असी प्रतिशत निर्माण कार्य पुरा भएको छ । टंकी, ईन्टेक, सोलार प्यानल फिटीङ, पाईपलाईन बिछ्याउने लगायतका काम सकिएको परियोजनाका जिल्ला सल्लाहकार थरेन्द्र पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार एक करोड ३३ लाख ८० हजार रूपैयाको लागतमा आयोजना निर्माण हुन लागेको हो ।

नेपाल सरकारको ४१ लख ५० हजार, फिनल्याड सरकारको ४१ लख ५० हजार, जिल्ला समन्वय समितिको पाँच लाख ३६ हजार, बेनी नगरपालीकाको आठ लाख ४ हजार र उपभोक्ताको ३७ लाख ५० हजार बराबरको श्रमदान तथा नगद लगानीमा परियोजना निर्माण हुने जनाइएको छ ।

बस्ती तलको मुहानमा रहेको मुहानबाट दुई चरणमा ३५० मिटर माथि रहेको टंकीमा सोलारको सहायताले पानी तानेर वितरण गर्ने लक्ष्य राखिएको छ । यो आयोजनाबाट ८३ घरधुरीका ५५३ जना लाभान्वित हुने परियोजनाले जनाएको छ । पानी तान्ने पम्प, धारा जडान र वितरण पाईपलाईन विस्तार गर्ने काम बाँकी छ । सबै घरमा मिटर सहितको निजी धारा जडान गरिने सल्लाहकार पौडेलले बताउनुभयो ।

# शान्ति कोषमा बहराईनबाट आठ लाख

■ **नवविकल्प**

म्याग्दीको परोपकारी संस्था ओमकुमारी शान्ति कोषलाई बहराइनमा रहेका प्रवासीले आठ लाख रूपैया भन्दा बढी आर्थिक सहयोग गरेका छन् ।

जटिल रोगबाट थलीएका आर्थिक रूपमा विपन्न र गरिबको उपचारमा सघाउने उद्देश्यले म्याग्दीमा स्थापीत कोषलाई म्याग्दी उद्धार समिती बहराईनको पहलमा संकलित आठ लाख ३७ हजार ५५५ रूपैया बिहीबार उपलब्ध गराइएको हो ।

समितिका मानार्थ सदस्य खप्रसाद शेरपुञ्जा, ब्यवस्थापन सहसचिव रमेश खत्री र सदस्य घनबहादुर कार्कीले कोषका अध्यक्ष राजेश शाक्यलाई रकम हस्तान्तरण गर्नुभएको थियो ।

समितिले संस्थागत रूपमा एक लाख, अध्यक्ष तेजेन्द्र थापाले एक लाख, हिरा पाईजाले एक लाख एक हजार, दग्नाम समाज बहराईनले साठी हजार, कोषाध्यक्ष विकास पाईजाले सत्तरी हजार, गोखर राम्जालीले ५५ हजार ५५५, सल्लाहकार भरत रत्नले ५६ हजार रूपैया सहयोग गर्नुभएको छ ।

रकम हस्तान्तरणका क्रममा मानार्थ सदस्य खप्रसाद शेरपुञ्जाले एक लाख दुई हजार रूपैया सहयोग गर्ने घोषणा गर्नुभयो । नव वर्ष २०७४ को अवसरमा बहराईनमा आयोजित कार्यक्रमको अवसरमा संस्थाका अध्यक्ष शाक्य, संस्थापक चन्द्रकुमार केसी र सचिव लोकेश पुनको उपस्थितीमा आयोजित कार्यक्रममा पाँच हजार रूपैया भन्दा बढी सहयोग गरेर १०५ जनाले आजिवन सदस्यता लिएका थिए ।

१६ लाख रूपैया भन्दा बढी सहयोग घोषणा भएको थियो । सो कार्यक्रममा जेठ १८ गते बिशात्त खाना खाँदा बिरामी भएका रघुगंगा ८ कुईनेमंगलेका प्रेम गुरूङको उपचारका लागि कोषले १५ हजार रूपैया उपलब्ध गराएको थियो । आर्थिक अवस्था कमजोर भएकै कारणले कोही पनी म्याग्देलीले ज्यान गुमाउन नपरोस भन्ने उद्देश्यले स्थापित कोषमा एक करोड ५० लाख रूपैयाँ पुऱ्याउने र त्यसको ब्याजबाट सहयोग गर्ने लक्ष्य रहेको अध्यक्ष राजेश शाक्यले बताउनुभयो ।

हालसम्म १८ जना ब्यक्तिले दुई लाख रूपैया सहयोग गरेर संरक्षक, मोना कतारले संस्थागत संरक्षक र ५०० जनाले पाँच हजार रूपैयाँ सहयोग गरेर आजिवन सदस्यता लिएका छन् । बोनम्यारो रोगका कारण उपचारका क्रममा दिवंगत भएकी बेनपा ४ की ओमकुमारी पुन (शान्ति)को सम्झनामा वि.स २०७१ मंसिरमा स्थापीत कोषले हालसम्म ३२ जना मुटु, मृगौला, रक्तक्यान्सर, हेपाटाईटिस बि, मलिग्रन्ट क्यान्सर लगायत जटिल रोगबाट थलिएका ३२ जना बिरामीहरूलाई ७० लाख रूपैया भन्दा बढी सहयोग जुटाएर उपलब्ध गराएको छ ।

प्रत्येक बिरामीहरूको सहयोग संकलन अभियानका लागि छुट्टा, छुट्टै बैङ्क खाता खोलीने, दाताबाट प्राप्त हुने सहयोग र खर्च विवरण सामाजीक सञ्जाल मार्फत सार्वजनीक गर्दै आएको छ ।

# सातका तस्वीर

**सन्तोष गौतम**





धानको बिरुवा : मालिका गाउँपालिका ४ फुलबारीमा ब्याडबाट धानको बिरुवा निकाल्दै कृषकहरु । असारको सुरुवातसगै म्याग्दीको उपल्लो क्षेत्रका कृषकहरु धान रोपाईमा व्यस्त भएका छन् । यसपाली नियमित बर्षा भएकाले कृषकलाई धान रोपाई गर्न सहज भएको छ ।



घरैपिच्छे खानेपानी धारा : मंगला गाउँपालीका ३ दहका यी बासिन्दा आगनमै रहेको निजी धारामा खानेपानीको आपूर्ती हुन थालेपछि दंग परेकी छिन् । उनीमात्र होईन डेगखोला र बाघहान्ने गौडा खानेपानी तथा सरसफाई आयोजना निर्माण भएपछि मंगला गाउँपालीका ३ र ४ मा पर्ने बरंजाका १२७ घरधुरी लाभान्वित भएका छन् । सबै घरमा मिटर सहितको निजी धारा जडान भएको छ ।



सुन्तला नर्सरी : मंगला गाउँपालीका ४ बरंजाको आरकुलीका रेशम बुढाथोकीले नर्सरीमा उत्पादन गरेका सुन्तलाका बिरुवा । बुढाथोकीले डेढ लाख रुपैया मूल्य बराबरको पन्ध्र हजार सुन्तलाको बिरुवा उत्पादन गर्नुभएको छ ।

# हार्दिक बधाई

**माध्यमिक शिक्षा परीक्षा (एसईई) – २०७३ को परीक्षाफलमा**
**उत्कृष्ट जिपिएसहित उत्कृष्ट परिणाम प्राप्त गर्ने सम्पूर्ण विद्यार्थीहरुमा**
**हार्दिक बधाई ज्ञापन गर्दै समुज्ज्वल भविष्यको कामना गर्दछौं ।**



| | | | | | |
|---|---|---|---|---|---|
| लिना तिलिजा | लेनिन गर्बुजा | जमुना पाइजा | निरुता बुढाथोकी | विक्रमराज कुँवर | जनकराज सापकोटा |
| (जिपिए-३.८०) | (जिपिए-३.७५) | (जिपिए-३.६५) | (जिपिए-३.६५) | (जिपिए-३.६०) | (जिपिए-३.६०) |



| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आरती भण्डारी | आशिष पौडेल | इसिका मल्ल | कल्पना कँडेल | सन्देश भण्डारी | अविनाश भण्डारी | फियोना पुन | गणेश रोका मगर | गोविन्जन पुन | सज्जन श्रेष्ठ | एलिसा जिसी | विज्ञान श्रेष्ठ | विनिता जिसी |
| (जिपिए-३.५५) | (जिपिए-३.५५) | (जिपिए-३.५५) | (जिपिए-३.५५) | (जिपिए-३.५५) | (जिपिए-३.५०) | (जिपिए-३.५०) | (जिपिए-३.५०) | (जिपिए-३.५०) | (जिपिए-३.५०) | (जिपिए-३.४५) | (जिपिए-३.४५) | (जिपिए-३.४५) |



| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दिप्सन श्रेष्ठ | गणेशबहादुर मल्ल | कृति शर्मा | ममता पुन | निश्चल घर्तीमगर | प्रविण श्रेष्ठ | मोनिका शेरपुञ्जा पुन | प्रकृति खड्का | समिर घर्तीमगर | सौरभ खड्का | सोनिया गर्बुजा | विद्या शेरबुजा | भूपेन्द्र घिमिरे |
| (जिपिए-३.४५) | (जिपिए-३.४५) | (जिपिए-३.४५) | (जिपिए-३.४५) | (जिपिए-३.४५) | (जिपिए-३.४५) | (जिपिए-३.४०) | (जिपिए-३.४०) | (जिपिए-३.४०) | (जिपिए-३.४०) | (जिपिए-३.४०) | (जिपिए-३.३५) | (जिपिए-३.३५) |



| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बुद्धकुमारी खड्का | मेलिना पुन शेरपुञ्जा | मोनिका खड्का | रुकुम गर्बुजा | रुत्सव शाही | सचिन पौडेल | साजन वि.क. | सजनी थापा | सज्जन हमाल | सन्ध्या गर्बुजा | सुजन छिनाल | सुस्मिता शर्मा | एल्बिस थापा |
| (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३५) | (जिपिए-३.३०) |



| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अनिल बोगटी | अनिष गौचन | बबिना वि.क. | विशेषकुमार मल्ल | पवित्रा घर्ती | प्रमेश थापा | शिव पुन | श्रीप्रसाद छन्त्याल | सोनिया कटुवाल क्षेत्री | यमुना शेरपुञ्जा | अनिता बुढामगर | ईश्वर सेन्चुरी | जीना पुर्जा |
| (जिपिए-३.३०) | (जिपिए- ३.३०) | (जिपिए-३.३०) | (जिपिए-३.३०) | (जिपिए-३.३०) | (जिपिए-३.३०) | (जिपिए-३.३०) | (जिपिए-३.३०) | (जिपिए-३.३०) | (जिपिए-३.३०) | (जिपिए-३.२५) | (जिपिए-३.२५) | (जिपिए-३.२५) |



| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कविता पुन | मविनकुमार फगामी | महेन्द्र पुन | प्रविनकुमार विश्वकर्मा | रञ्जन रोका | सागर राम्जाली | साजन शेरचन | शिव खत्री | सुमित्रा घर्तीमगर | सुसन गर्बुजा पुन | विमल रोकामगर | करिस्मा भण्डारी | साजना राई |
| (जिपिए-३.२५) | (जिपिए-३.२५) | (जिपिए-३.२५) | (जिपिए-३.२५) | (जिपिए-३.२५) | (जिपिए-३.२५) | (जिपिए-३.२५) | (जिपिए-३.२५) | (जिपिए-३.२५) | (जिपिए-३.२५) | (जिपिए-३.२०) | (जिपिए-३.२०) | (जिपिए-३.२०) |



| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सुजाता खड्का | तेजिन्द्र पुन | युजितकुमार मल्ल | योगिता श्रेष्ठ | अनिष घर्तीक्षेत्री | विजय दर्नाल | डम्मर रोका | डेनिषा थापा | दिपेन्द्र गर्बुजा पुन | प्रमित सुवेदी | प्रशंसा श्रेष्ठ | सम्झना आचार्य | सफल केसी |
| (जिपिए-३.२०) | (जिपिए-३.२०) | (जिपिए-३.२०) | (जिपिए-३.२०) | (जिपिए-३.१५) | (जिपिए-३.१५) | (जिपिए-३.१५) | (जिपिए-३.१५) | (जिपिए-३.१५) | (जिपिए-३.१५) | (जिपिए-३.१५) | (जिपिए-३.१५) | (जिपिए-३.१५) |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सोफिया घर्तीमगर | तालमाया पटेल | सञ्जय थापा | सुमन रानामगर | बबिन वि.क. | करुणा शर्मा | प्रोजन घिमिरे | सदिक्षा केसी | यशिस्मा क्षेत्री | प्रेम खोरजा पुन | सिम्रन वि.क. |
| (जिपिए-३.१५) | (जिपिए-३.१५) | (जिपिए-३.१०) | (जिपिए-३.१०) | (जिपिए-३.०५) | (जिपिए-३.००) | (जिपिए-३.००) | (जिपिए-३.००) | (जिपिए-२.९५) | (जिपिए-२.९०) | (जिपिए-२.८५) |

**२०७४ सालका लागि कक्षा ११ व्यवस्थापन समूह (विहानी तथा दिवा सत्र) मा भर्ना खुलेको जानकारी गराउँदछौं ।**

**कक्षा सञ्चालन : २०७४ श्रावण ३ गतेदेखि**

| | | |
|---|---|---|
| डा. लाल रापचा | दिलकुमार श्रेष्ठ | शिवकुमार श्रेष्ठ |
| प्रिन्सिपल | अध्यक्ष, शिक्षक अभिभावक संघ | अध्यक्ष |

## न्यू वेष्ट प्वाइन्ट आवासीय माध्यमिक विद्यालय परिवार

बेनीबजार, म्याग्दी फोन : ०६९-५२०४७२, ५२०४७१

नव विकल्प साप्ताहिक
बेनी, म्याग्दी

**सम्पादकीय ...**

## दोस्रो चरण निर्वाचनको माहोल

असार १४ गते तोकिएको दोस्रो चरणको निर्वाचनको चहलपहल सुरु भएको छ । असार १४ मा १,५ र ७ नम्बर प्रदेशमा निर्वाचन हुँदै छ । विभिन्न शंका र उपशंकाका वावजुद निर्वाचन हुने सुनिश्चित भएको छ । २ नम्बर प्रदेशमा भने असोज २ गते गर्ने सरकारले निर्णय गरेकाले सोही मितिमा निर्वाचन हुने छ । असार १४ गते हुने निर्वाचनका विरुद्धमा तराई केन्द्रित राजनीतिक दल राष्ट्रिय जनता पार्टी भएपनि आम जनता निर्वाचनको पक्षमा भएकाले निर्वाचननको माहोल यतिखेर उच्च विन्दुमा पुगेको छ । निर्वाचनको माहोलले गर्दा निर्वाचन विरोधी आवाज विस्तारै कमजोर बन्दै जानथालेको छ । यता केही स्थानहरुमा नेकपा का नेताहरु पनि आफ्नो बलियो शक्ति भएका क्षेत्रहरुमा स्वतन्त्र रुपमा निर्वाचनमा भागलिने संकेत गरेको देखिन्छ । यसले पनि अव सरकारलाई निर्वाचन गर्न कठिन देखिदैन ।

दोस्रो चरणको निर्वाचनबाट ३ सय ३४ स्थानीय तहका ६४ लाख ३२ हजार ७ सय ६५ मतदाताले १५ हजार ३८ जनप्रतिनिधि निर्वाचित हुनेछन् । बैशाख ३१ गते सम्पन्न निर्वाचनले प्रदेश नम्बर ३,४ र ६ मा जनप्रतिनिधि निर्वाचित भइ काम सुरु गरेका छन् । २० वर्ष देखि स्थानीय निर्वाचन हुननसक्दा स्थानीय निकायमा विकास निर्माण लगायत कामहरु प्रभावित भएका थिए । लामोसमय देखि कर्मचारीको भरमा स्थानीय निकाय सञ्चालन हुँदा शुसासन र आर्थिक पारदर्शिता माथि प्रश्नचिन्ह खडा हुने गरेको थियो । नयाँ संविधान अनुरुप अहिले भएको निर्वाचनले स्थानीय तहमा सरकारको निर्माण गर्ने छ । जनताबाट चुनिएर आएका जनप्रतिनिधिहरुले जनताप्रति उत्तरदायि र कर्तव्यनिष्ठ भएर काम गर्न सक्ने हो भने अवको पाँचवर्ष भित्र मुलुकले काँचुली फेर्ने कुरामा दुइमत छैन । देशलाई विकासको नयाँ आयम लैजानका लागि एकमात्र विकल्प भनेको नै स्थानीय तहको निर्वाचन हो । लोकतन्त्रमा निर्वाचन अनिवर्या र उत्तम विधि हो । लोकतान्त्रीक पार्टी भन्ने मधेशवादी दलहरुले लिएको अडानलाई त्यागी निर्वाचनमा भाग लिनुको कुनै विकल्प छैन ।

प्रदेश नम्बर २ मा हुने तेस्रो चरणको निर्वाचन पनि तोकीएकै मितिमा गर्नुको विकल्प छैन । ६ प्रदेशमा निर्वाचन हुने तर एउटा प्रदेशमा नहुँने वातावरण सिर्जना हुनुहुँदैन । असोज २ मा जसरी पनि निर्वाचन हुनुपर्दछ । देशका सवै स्थानीय तहमा निर्वाचन सम्पन्न भएपछि मात्र नयाँ संविधानको कार्यान्वयनमा नयाँ फड्को मार्ने छ । राजधानीमा केन्द्रीत शक्तिलाई गाउँ र नगरमा हस्तान्तरण हुनेछ । स्थानीय तहमा जनताले आफ्ना योजनाहरु आफै बनाउने छन् र कार्यान्वयन गर्ने छन् । अहिलेको स्थानीय तह भनेको हिजोको गाविस र नगरपालिका जस्तो होइन । यो त सर्वसक्तिमान स्थानीय सरकार हो । यसले नेपालको संविधानको अधिनमा रहेर कानुन र नियमहरु आफै बनाउन सक्छ र कार्यान्वयन गर्न सक्छ । असार १४ र असोज २ गते हुने निर्वाचनलाई भव्यरुपमा सफल पारी सुनौलो अवसरलाई सदुपयोग गरौं । राष्ट निर्माणमा हामी सवै नेपालीहरुले हातमा हात र काँधमा काँध मिलाएर अघि वढौं ।

### l6KkOfL, kltlqmof / ;emfj

**नवविकल्प साप्ताहिकमा छापिएका लेख, समाचार वा अन्य सामाग्रीमाथि आफूलाई लागेका विचार, धारणा पठाउनुहुन अनुरोध छ । स्वच्छ र सटिक तथा आलोचनात्मक टिप्पणीलाई प्राथमिकता दिइनेछ ।**

**सम्पर्क**:
bikalpanews@gmail.com
**फोन : ०६९-५२०९९५ मो.नं. : ९८४७६२४२८६**

# "हुलाकी दाई" को अधुरो सपना !



... जीवनको गोरेटोमा हात समातेर टुकु टुकु हिंड्न सिकाउने मायालु र वरद हातहरुको सधै अभाव खट्के होला ! सायद, अभावै अभावको बीचमा पनि आफूले गरेको संघर्ष र पाएको दु:ख कष्टका कथाहरु समाजसंग विनीमय गर्ने धोको हुँदो हो । आँसुको मसीले लेखिएका आफ्ना दुख कष्टका कथाहरु समाजसमक्ष पस्कने इच्छा हुँदो हो । विचरा ती सबै कथाहरु हुलाकी दाइको भौतिक देहसँग चितामै एकैसाथ खरानी भए ।

**- चन्द्रप्रकाश बानियाँ**

हामी दूई भाईबीच प्रत्यक्ष भेटघाट र अन्तरङ्ग भलाकुसारी भएको ठीक महिनादिनपछि अर्थात २०७४ सालको जेष्ठ २६ गते "हुलाकी दाई" फेरि फर्केर आउन नमिल्ने अनन्तयात्राको बाटो लाग्नु भएछ ! उहाँको निधनले हरेक तीन तीन वर्षमा (एकवर्ष बिराएर) आयोजना गरिने पुलामी बानियाँहरूको कुलपूजा स्थगित भएछ । दाईको महाप्रस्थानको बेला राजधानीतिर बरालिँदै गरेको मलाई मलामीमा सामेल हुन नपाउँदा थकथकी लाग्नु स्वाभाविक भयो । असली नामभन्दा बढी गाउँघरतिर "हुलाकी" भनेर चिनिने सकबहादुर बानियाँ नाताले दाजु भए पनि हितैषी मित्र हुनुहुन्थ्यो, स्नेही अभिभावक हुनुहुनथ्यो र त्यो भन्दा पनि महत्वको कुरा विद्यारम्भ कालतिरको मेरो एकजना अन्तरङ्ग सहपाठी हुनुहुन्थ्यो ।

दिवंगत हुनुभन्दा एक महिना अगाडि वेनीबजारस्थित घरप्राङ्गणमा आसनी जोडेर निकै लामो समयसम्म हामी दुई भाइले भलाकुसारी गरेका थियौं । वार्तालापकै सन्दर्भमा दाईले आत्मकथा लेख्ने आफ्नो रहरको बारेमा जानकारी गराउनु भएको थियो । आफ्नो त त्यस्तो कुनै इच्छा नरहेको मेरो भनाईको प्रत्युत्तरमा दाईले निकै तर्कसंगत कुरा राख्नु भएको थियो । "तिमिले त लेख्नै पर्दैन नी ! आफूले नलेखे अरू कसैले लेखिदिन सक्छ । कसैले नलेखे पनि कमसेकम आफ्नो कुलवंशमा अलगै परिचय बनाएका मानिसको इतिहास दशकौंसम्म जीवित रहन्छ । रणबहादुर रिफल, भीमबहादुर सुवेदार, डेकबहादुर, लालबहादुर जस्तै चन्द्रप्रकाशलाई अरूले बिर्से पनि पुलामी बानियाँसमाजले कालान्तरसम्म बिर्सन सक्दैन । त्यसमाथि तिमीले लेखेका आत्मपरक छोटा लेखोटहरू संकलित गर्ने र तिनलाई प्रकाशित गर्ने हो भने आत्मकथाको खानापूर्ति हुन्छ । मेरो ब्यथा अलि फरक छ । आफूले नलेख्ने हो भने मृत्युसंग मेरो कथा पनि समाप्त हुनेछ । समस्याको गाँठी कुरो के हो भने आफै लेखौँ भने आफ्नो हातमा कलम चल्दैन । अर्को लेखिदिने कोही छैन । खेतालो हाल्ने क्षमता पनि मसँग छैन । त्यसैले मेरो रहर त्यसै तुहिने भो ! मेरो जीवन संघर्षको कथा मसंगै सती जाने भयो" !

बटुवाले सितलबस्न ठूलो रूखको छहारी खोजेजस्तै जीवनको आदर्श बाटो पहिल्याउने कार्यमा ठुलाबडाहरूकै जीवनी सहयोगी सिद्ध हुन्छ भन्ने मान्यता समाजले राख्दछ । एकजना निम्नस्तरको कर्मचारीको रूपमा जीवन बिताएको मानिसको जीवनी पढीदिने कृपा कसले पो गरिदिन्थ्यो र ? तैपनि "गर्नु हुदैन" भनेर हतोत्साहित गर्नुपर्ने आवश्यकता थिएन । "जीवनमा भोगिएका ब्यहोरिएका स्मरणीय घटनाहरूको टिपोट बनाउनेहोला, त्यसलाई भाषा दिने काम म गरिदिउँला" भनेर उत्साह थपिदिएँ । मेरो आश्वासनले उहाँलाई चोपट्टै पुलकित र उत्साहित बनाएको थियो सायद ! "एउटा आँखाले राम्रोसँग काम गर्दैन । कलम पनि गतिलोसँग चल्दैन । मेरो पढाईलेखाईको इतिहासबाट भाइ अनविज्ञ छैनौं । तैपनि भाइको आश्वासनले मलाई असीम उर्जा र प्रेरणा दिएको छ । जीन्दगीका तीता मीठा भोगाईहरूको टिपोट उतार्ने कोशिसमा आजैका दिनदेखि लाग्छु" भनेर विदा लिनु भएको हुलाकी दाइले साँचै आत्मकथा लेखिभ्याउने त कुरै भएन, लेखनको सुरूवात पनि गर्नु भयो कि भएन कुन्नी ? काल निर्दयी मात्र होइन छली पनि हुन्छ । उसको अप्रत्यासित हमलाको कारणले त्यसबारेमा जानकारी लिने, छलफल र विचारविमर्श आदानप्रदान गर्ने अवसरै दिएन ।

हुलाकीजस्तो जागीरको सबभन्दा तल्लो खुडकिलोमा जीवन समर्पित गर्ने मानिसको जीवनगाथा लोकको रूचिको विषय कसरी हुनसक्छ र ? सायद, सबैले स्वाभाविकरूपमा यस्तै धारणा बनाउँछन होला । तर मानिसको जीवनको अर्को नाम संघर्ष हो । जीवनसंघर्षमा विजयलाभ गर्नुलाई सफलताको मानक मानिन्छ । यहीनेर विचार पुर्‍याउनुपर्ने कुरा के रहन्छ भने स्यालको शिकार गर्ने उद्देश्य लिएको मानिसले सिंह मारेन भन्दैमा उसलाई शिकारी नै होइन भन्न मिल्दैन । साँचै स्याल पनि मारेन भने उसलाई बल्ल असफल भन्न मिल्छ । अर्थात "लोटा लिएर समुद्रमा जाने मानसिले गाग्रीभरी पानी उबाउन सक्तैन" भन्ने गणेशमानको भनाई जीवनमा सतप्रतिशत लागु हुन्छ । सफलता र असफलताको मापन सापेक्षतामा गर्नुपर्ने हुन्छ, गरिन्छ ।

बाग्लुङ्ग बजारस्थित विद्यामन्दिर हाईस्कुलमा पढ्दैगर्दा अकलबहादुर श्रेष्ठ नामका एकजना गुरूले नेपाली विषय पढाउँथे । उनी समाजका एउटा अब्बल उदाहरण मानिन्थे । उनले जुन स्कुलमा पियनको जागिर गर्थे त्यही स्कुलको प्रधानअध्यापकको रूपमा अवकाश लिएका थिए । अकलबहहादुरलाई जस्तो अध्ययनको अवसर सबैलाई नमिल्न पनि सक्छ । अवसर पाएका भए हाम्रो दाइमा पनि अकलबहादुर बन्ने क्षमता थियोजस्तो लाग्छ । त्यस्तो अवसर जुरेन, हुलाकीको हुलाकी नै रहेर अवकाश लिन विवश हुनुपर्‍यो विचरा ! अर्थात वृत्ति विकासको त्यस पक्षमा सकबहादुर दाइलाई सफलता मिलेन । तर त्यो दाइको जीवनका अनेक मध्येको एउटा पाटो मात्र थियो । जीवनको महत्वपूर्ण पाटो त अर्कै थियो र त्यो अपेक्षाकृत सफल पनि थियो । हाम्रो समाजले मानिसको सामाजिक हैसियत उसको आर्थिक हैसियतका आधारमा निर्धारण गर्दछ । दोश्रो बाटो हिँड्रै किन नहोस, छलछाम गरेरै किन नहोस्, कसैले आफ्नो आर्थिक हैसियत उकास्न सफल भयो भने हाम्रो समाजले त्यसलाई आदर्श मान्दछ । सार्वजनिक सम्पत्ति हरणगर्नेहरू, सरकारी धनको दुरूपयोग गर्नेहरू र भ्रष्टाचारमा आजीवन लिप्त रहेर आर्थिक हैयित उकास्नेहरू हाम्रो समाजमा सम्मानित हुन्छन । आदरणीय मानिन्छन । ती सबै अनाचारबाट जोगिएर पनि हुलाकी दाईले समाजमा "एकमाना" खानपुग्ने हैसियत आर्जन गर्नु भएको थियो । ६/६ जना भन्टाङभुन्टुङहरूलाई हुर्काई बढाई आफ्नो खुट्टामा उभिनसक्ने बनाउनु औसत नेपालीहरूका लागि महाभारतयुद्ध जित्नु जत्तिकै मुस्किल कार्य मानिन्छ । सकबहादुर दाइले कुशलतापूर्वक आफ्नो उत्तरदायित्व पूरा गर्नु भएकै हो । छोरा छोरीहरूले स्वरूचि र गच्छेअनुसार आ-आफ्नो धुनीखानी गरेकै थिए । त्यसैले अवकाशपछिको दाईको जीन्दगीमा अभाव र असन्तोषको कुनै स्थान थिएन ।

"गर्नुपर्ने कार्य भोलीको लागि साँच्नु पश्चातापको कारण बन्छ" भनेर मृत्युशैयामा सुतेको रावणले लक्ष्मणलाई दिएको उपदेश मानिसको जीवनमा सधै गलालाग्न आइपुग्दो रहेछ । सकबहादुर दाइसँग स्वभोगाईका सुन्न सुनाउनलायक सयौं कथाहरू हुँदा हुन् । तिनको टिपोट हुन सकेन । मृत्युले झुक्क्यायो । सहपाठी नै भए पनि उमेरका हिसाबले दाइ मभन्दा ७/८ वर्ष पाको हुनुहुन्थ्यो । त्यसमाथि दाइको ब्यवहारिक जीन्दगीको डुङ्गा मेरोभन्दा एकदशक अघि नै सांसारिक ब्यवहारको भवसागरमा तैरन सुरू गरेको थियो । बच्चैमा आमाबाबुको काख एकैचोटि गुमाएर काका र हजुरआमाको अभिभावकत्वमा हुर्केका दाइले एउटा सामान्य नागरिकले प्राप्त गर्ने अवसरहरूबाट समेत वञ्चित हुनु परे होला ! जीवनको गोरेटोमा हात समातेर टुकु टुकु हिँड्न सिकाउने मायालु र वरद हातहरूको सधै अभाव खट्के होला ! सायद, अभावै अभावको बीचमा पनि आफूले गरेको संघर्ष र पाएको दुःख कष्टका कथाहरू समाजसंग विनीमय गर्ने धोको हुँदो हो । आँसुको मसीले लेखिएका आफ्ना दुख कष्टका कथाहरू समाजसमक्ष पस्कने इच्छा हुँदो हो । विचरा ती सबै कथाहरू हुलाकी दाइको भौतिक देहसँग चितामै एकैसाथ खरानी भए । प्राणपखेरूसँगै सून्य आकाशमा विलीन भए ।

समवयी नभए पनि दाईलाई मेरा दामलछिमल भने भन्न मिल्थ्यो । परि स्थितिले किशोर वयमै पाको बन्नुपर्ने वाध्यता सिर्जना गरिदिएको थियो । त्यसैले औसतभन्दा ५/७ वर्ष अगाडिनै दाइको औपचारिक जीन्दगी प्रारम्भ भएको थियो । जीन्दगीको वास्तविकता देख्ने र भोग्नेहरूको दृष्टिकोण एउटै हुन सक्दैन । "अचानोको मर्म खुकरीले बुझ्न सक्तैन" ! सकबहादुरको जीन्दगीको अन्तर्यमा जोकोही सजिलै पुग्न सक्दैन । वास्तवमा सतहमा हिडेर त्यो गहिराई छिचोल्न सकिने विषय नै होइन । त्यसैले दाईको भोगाईका कथा ब्यथाहरू जीन्दगीको समाप्ति सँगसँगै खरानी भए । अस्ताए, विलोप भए । त्यो अब उधिन्न नसिकने गरी सदाका लागि पत्तालियो । समयको अनन्त गर्तमा धसियो । विलायो । तैपनि सकबहादुरको जीवनसँग जोडिएको शिक्षाआर्जनको एउटा रोचक प्रसङ्गको प्रत्यक्ष साँक्षी आफू पनि भएकोले दाईको महाप्रस्थानको सन्दर्भमा शब्द श्राद्धञ्जलीको रूपमा सार्वजनिक गर्नु अनुपयुक्त नहोला कि जस्तो लागेको छ ।

उन्ताका गाउँमा स्कूल थिएन । गाउँका कन्दराका केटाकेटीहरूलाई सामान्य शिक्षादीक्षा दिने उद्देश्यले गाउँलेहरू मिलेर पटके शिक्षाको ब्यवस्था गर्दथे । अर्थात त्यस्ता कक्षाहरू हिउँदका फुर्सदका दिनहरूमा मात्र चल्दथे । हाम्रो जमानामा शिवकुमार श्रेष्ठ नामका एकजना शिक्षक बाग्लुङ्गबाट सालिन्दै ल्याइन्थे । कक्षा सक्षा केही हुदैनथ्यो । साँवा अक्षर, अङ्क चिनेर चिठी तमसुक र सामान्य हरहिसाब गर्नसक्ने भएपछि पढाई सकिन्थ्यो । अर्थात गुरूको ज्ञानको सिमा समाप्त भएपछि विद्यार्थीको स्वतः दीक्षान्त भएको मानिन्थ्यो । हो, त्यस्तै पाठशालाका हामी सहपाठी विद्यार्थी थियौ. । सकबहादुर दाइ हामीमध्येकै एकजना जेहेन्दार विद्यार्थी गनिनुहुन्थ्यो । हामी सबै सँगसँगै मनलगाएर पढदै थियौं । हाम्रा गुरूले "मैले जानेको सबै सिकाइसकेँ" भनेर हात उठाउन नपाउँदै एउटा अनौठो र अप्रत्यासित घटना भयो । एकदिन अचानक विना पूर्वसूचना सकबहादुर दाइ कक्षामा अनुपस्थित हुनु भयो । बरू उहाँकै काकाको छोरा ओमबहादुर स्कुल आउन थाल्नु भयो । नयाँ विद्यार्थीको नाम भर्ना रजिष्टरमा अंकित गर्ने सन्दर्भमा ओमबहादुर दाइले दिएको वयान झन अनौठो थियो-"मेरो नाम लेख्न पर्दैन, म त दाईको सट्टा पढिदन आएको मात्र हुँ" ! त्यो वर्षभर ओमबहादुर दाइको नाम भर्ना रजिष्टरमा चढेन । अर्को वर्ष पनि न ओमबहादुरले स्कुल आउनु छोडनु भो न सकबहादुर दाइ नै स्कुल आउनु भयो । सट्टामा स्कुल आउन थालेको भाइ कक्षा चढदै गएर एस.एल.सी./आइ.ए. सम्मको अध्ययन पूरागरीवरी भारतीय सेनामा ल्कर्कको जागीरबाट अवकाश प्राप्त गर्नु भयो । भाइलाई सट्टा हालेर घर गोठ र खेतीपातीको सुसे धन्दामा लागेका सकबहादुर दाइले फेरि कहिल्यै दोहोर्‍याएर स्कूल पाठशालको मुख देख्ने अवसर पाउनु भएन । उहाँको ब्यवहारिक/ब्यवशायिक शिक्षाको पाठशाला खरघाँस, मेलापात र गाईगोठ नै भैदियो । अक्षर अङ्कसम्म छिचोलेको हुनाले संयोगबस, हुलाक बोक्ने काम पाउनु भयो र त्यसैमा जीवन समर्पित गर्नुभयो ।

सकबहादुरको कथा केवल एकजना हुलाकीको कथा मात्रै होइन । शिक्षाको अवसरबाट वञ्चित हुन विवश हतभागी लाखौ नेपालीहरूको साझा कथा हो । सकबहादुर तय कथाका एउटा प्रतिनिधि पात्र हुन । हाम्रा धर्मशास्त्रहरूले भनेजस्तो परत्र र परलोकको ब्यवस्था रहेछ भने उतै भेटौला र बाँकी कथाव्यथा र गुनासाहरू उतै सुनौला, होइनरहेछ, त्यो त सोझा मानिसहरूको आँखामा छारो हाल्ने र मनोवैज्ञानिक शोषण गर्ने कल्पित कथा मात्र रहेछ भने यो विछोड सदाको लागि हुनेछ । अलविदा दाई । अन्तिम प्रणाम !

■

# हार्दिक बधाई

परीक्षा नियन्त्रण कार्यालयले लिइएको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा यस विद्यालयबाट सहभागी भई सफलता हासिल गर्नुहुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरुमा हार्दिक बधाई ज्ञापन गर्दै शैक्षिक सफलता र समुज्ज्वल भविष्यको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।



| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रेमसागर पौडेल | प्रतिमा रेग्मी | प्रविण कँडेल | सितल राई | त्रिशला पुर्जा | प्रकाश पुन | सज्जन घिमिरे | विपना वि.क. | पुजा पौडेल | सविना पुर्जा पुन | प्रियङ्का शाह | सुस्मिता खत्री |
| ३.५५ | ३.३० | ३.३० | ३.२० | ३.२० | ३.१५ | ३.१५ | ३.१० | ३.१० | ३.१० | ३.०५ | ३.०५ |



| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्मृति पौडेल | जेनिषा बानियाँ | शर्मिला वि.क. | स्वस्तिका बानियाँ | साजना शर्मा | वसन्तकुमारी कँडेल | मनोज बरुवाल | प्रेमबहादुर पुन | सोफिया तिलिजा | सुशिता बानियाँ | टिकाराम शर्मा | विरेन्द्र हर्मेल |
| ३.०५ | ३.०० | ३.०० | ३.०० | ३.०० | २.९५ | २.९५ | २.९५ | २.९५ | २.९५ | २.९५ | २.९० |



| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हेमन्त शाक्य | अनुराधा श्रेष्ठ | विन्दुमाया तामाङ | विजय पुलामी | गोविन्द क्षेत्री | गोविन्द हर्मेल | जस्मिन तिलिजा | खगेन्द्र छन्त्याल | पुजन बोगटी | सूचना आचार्य | स्वीकार पाइजा | विकास किसान |
| २.९० | २.८५ | २.८५ | २.८५ | २.८५ | २.८५ | २.८५ | २.८५ | २.८५ | २.८५ | २.८५ | २.८० |



| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ज्योतिकुमारी गुप्ता | मेनुका पुन | रञ्जना सुवेदी | रोजिना नेपाली | सन्दिप नेपाली | सरिता श्रेष्ठ | सुस्मिता थापामगर | सृजना रानामगर | आशिष बोगटी | अञ्जना पौडेल | अनिषा घिमिरे | आशिका शर्मा |
| २.८० | २.८० | २.८० | २.८० | २.८० | २.८० | २.८० | २.८० | २.७५ | २.७५ | २.७५ | २.७५ |



| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सन्दिका केसी | सम्झना किसान | सञ्जय खत्री ए | सुजता कार्की | सन्तोष केसी | सन्दिप पौडेल | अनिष घिमिरे | नारायण सुवेदी | सरिता थापामगर | सर्जुना तिलिजा | सृजना श्रीषमगर | अप्सरा वि.क. |
| २.७५ | २.७५ | २.७५ | २.७५ | २.७५ | २.७५ | २.७० | २.७० | २.७० | २.७० | २.७० | २.६५ |



| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अस्विन गिरी | ज्योति शाक्य | लोकेन्द्र खत्री | नेमा तामाङ | कृष्ण बरुवाल | मोहन केसी | सविना सापकोटा | सुरेश हमाल | तारादेवी थापा | एलिसा पुन | निखिल फगामी | सुरक्षा कु. आचार्य |
| २.६५ | २.६५ | २.६५ | २.६५ | २.६० | २.६० | २.६० | २.६० | २.६० | २.५५ | २.५५ | २.५५ |



| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सपना शेरपुञ्जा | शिव मिजार | एसोदा खड्का | विन्जु पुर्जा | विपना सापकोटा | दिलिपप्रसाद शाक्य | गणेश जिसी | जमुना निउरे | कृष्णबहादुर छन्त्याल | रेशम किसान | दिपा पुन | मनिषा कँडेल |
| २.५५ | २.५५ | २.५० | २.५० | २.५० | २.५० | २.५० | २.५० | २.५० | २.५० | २.४५ | २.४५ |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| तेजकुमारी घर्तीमगर | युनिक थापा | अमृता शाही | प्रमेश बानियाँ | अल्केश खड्का | यमुना वि.क. | लोकमाया घर्तीमगर | सकुन्तला शाक्य | विनिता पाण्डे थापा | सञ्जय खत्री बि | उमेश पौडेल |
| २.४५ | २.४५ | २.४० | २.४० | २.३५ | २.३५ | २.३० | २.३० | २.२० | २.२० | २.१५ |

**दीपक श्रेष्ठ**
प्रधानाध्यापक

**कृष्णबहादुर बानियाँ**
अध्यक्ष- शिक्षक अभिभावक संघ

**नारायणबहादुर कार्की**
अध्यक्ष- विद्यालय व्यवस्थापन समिति

## बेनी सामुदायिक माध्यमिक विद्यालय परिवार

**बेनीबजार, म्याग्दी**

# अनुदान रकममा अनियमितता

■ नवविकल्प

म्याग्दीका भूकम्प प्रभावित किसानहरूलाई कृषि औजार तथा सामाग्री खरिदमा वितरण गरिने अनुदान रकममा अनियमितता भएको खुलासा भएको छ ।

चालु आर्थिक वर्ष २०७३/०७४ को राष्ट्रिय पुनर्निर्माण कोषबाट जिल्ला कृषि विकास कार्यालयलाई प्राप्त भएको अनुदान रकममा अनियमितता भएको किसानहरूले गुनासो गरेका छन् ।

भूकम्प प्रभावित कृषकको सुन्तला बगैचामा ड्रिप इरिगेशन सिँचाई प्रविधि (थोपा सिँचाई) जडान गर्नका लागि प्रति कृषक ३२ हजार ७ सय ५० रूपियाँ उपलब्ध गराउने कार्यक्रम अन्तर्गत जिल्लाका १० जना कृषहरूको छनौंट गरिएको थियो । ८० प्रतिशत अनुदान र १० प्रतिशत कृषक आफैले ब्यहोर्नुपर्ने उक्त कार्यक्रममा १० हजार वरावरको कृषि सामाग्री उपलब्ध गराएर वाँकी रकम कर्मचारीहरूले अनियमितता गरेको मंगला गाउँपालिका ३ वरंजाका कृषक प्रेम गिरीले बताउनुभयो ।

बजारमा रोजेर सामाग्री आफैले खरिद गर्न पाउनुपर्नेमा कार्यालयले कमिशनको लोभमा खरिद गरेर वितरण गरेकाले कमशल मूल्यका सामाग्रीहरू पाएको गिरिले बताउनुभयो । कार्यक्रम अनुसारको सामाग्री नपाएपछि गिरिले एकहप्ता अघि बुझेर लगेका सामाग्रीहरू सोमबार कर्मचारी र पत्रकारहरूको रोवरमा कार्यालयलाई नै फिर्ता गर्नुभएको छ ।

३२ हजार ७ सय पचास रूपियाँ वरावरका सामाग्री उपलब्ध गराउनुपर्नेमा कृषि कार्यालयका कर्मचारीहरूले आर्थिक अनियमितता गरि आफूहरूलाई ठगेकाले सामाग्री फिर्ता गर्नुपरेको कृषक गिरिले बताउनुभयो । "हामीलाई ३२ हजार ७ सय ५० रूपियाँको सामाग्री बुझेको भरपाई गराइयो, गिरिले भन्नुभयो सामाग्री १० हजार बरावरको पनि छैन ।" पहिला सामाग्री बुझेको भरपाई गराइयो सामाग्री बुझ्दा १० हजार वरावरको पनि नभएपछि आफू दङग परेको गिरिले बताउनुभयो । यो कृषि कार्यालयको ब्रहमालुट नै हो उहाँले भन्नुभयो,'कृषक आफैले आवश्यकता अनुसारका सामाग्रीहरू खरिद गर्न पाउनुपर्दछ ।'

५०० लिटरको प्लास्टीकको पानी टैंकी, २५ एमएमको ५० मिटर पाइप, एकरोल थोपा सिँचाईका लागि प्रयोग हुने मसिनो पाइप र केही फिटिङका सामाग्रीहरू किसानहरूलाई उपलब्ध गराइएको कृषि कार्यालयका नायब प्राविधिक साहयक भुपेन्द्र योगीले बताउनुभयो । उक्त सामाग्रीहरू यहाँ खरिद नभएको र काठमाण्डौबाट आएको हुनाले के कति मूल्य पर्ने आफूलाई कुनै जानकारी नभएको उहाँले बताउनुभयो ।

विभिन्न शिर्षकहरूमा वितरण गरिने अनुदान कार्यक्रमका वारेमा जिल्ला रहेको कृषि समितिको निर्णय अनुसार कृषकहरूलाई सामाग्री वितरण गरिएको वरिष्ठ कृषि विकास अधिकृत श्यामप्रसाद रिजालले बताउनुभयो । कार्यालयलाई प्राप्त भएको बजेट अनुसार नै कृषकहरूलाई सामाग्री उपलब्ध गराइएको उहाँले दावी गर्नुभयो । थोपा सिँचाईमा प्रयोग हुने पाइप महङगो पर्ने हुँदा किसानहरूमा बुझाईमा फरक परेको उहाँको भनाई थियो ।

## विकास......

सडक डिभिजन कार्यालय बागलुङ मार्फत चालु आर्थिक वर्ष भित्रनै सम्पन्न गर्नेगरि सात करोड रूपैयाँ लागतका पाँच वटा ग्रामिण सडक स्तरवृद्धि गर्ने काम जेठ अन्तिम सातादेखि सुरू भएको छ ।

रकमान्तर भएर आएको बजेटबाट सञ्चालित ति योजनाहरूको ठेक्का सम्झौतानै बैशाखमा भएकाले आर्थिक वर्षको अन्तिममा कामको चाप परेको बेनी दरवाङ सडकको मंगलाघाटमा पर्खाल लगाउने कामको ठेक्का लिएका निर्माण ब्यवसायी कृष्णकुमार शेरचनले बताउनुभयो ।

माथि उल्लेखीत मात्र होईन्न म्याग्दीमा विभिन्न सरकारी कार्यालयले सञ्चालन गरेका पूर्वाधार विकासका योजनाहरूले आर्थिक वर्ष सकिनै लाग्दा गति लिएका छन् । समयमै काम हुन नसक्दा म्याग्दीको विकासका लागि भित्रीएको बजेटको प्रभावकारी कार्यान्वयनमा चुनौती देखिएको छ ।

एघार महिनाको अवधिमा आधा मात्र पुँजीगत बजेट खर्च भएको छ । चालु आर्थिक वर्ष २०७३/७४ लागि अख्तियारी प्राप्त भएको मध्य हालसम्म ५२.७१ प्रतिशत मात्र पुँजीगत बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ ।

म्याग्दी स्थित सरकारी कार्यालयहरूले सञ्चालन गर्ने विकास योजना तथा कार्यक्रमका लागि हालसम्म ५६ करोड बिस लाख ६० हजार ५६० रूपैयाँको अख्तियारी प्राप्त भएको छ । कतिपय योजना तथा कार्यक्रमको बजेट खर्च गर्ने अन्तियारी आर्थिक वर्षको अन्तिम सम्म पनी आउने गरेको कोलेनीकाका कर्मचारी बताउँछन् ।

अख्तियारी आएको मध्य २८ करोड ६३ लाख १२ हजार ५८३ रूपैया पुँजीगत बजेट खर्च भएको छ । आर्थिक वर्ष सकिन करिब तिन साता बाँकी रहँदा २६ करोड ५७ लाख रूपैयाँ खर्च हुन सकेको छैन् । सत प्रतिशत बजेट कार्यान्वयन हुन दैनिक एक करोडको हाराहारीमा खर्च गर्नुपर्ने देखिन्छ ।

उपभोक्ता समिति, निर्माण ब्यवसायी, सरकारी कार्यालयको ढिलासुस्ती, समयमा काम गर्न वेवास्ता गर्नु, अन्तिममा हतार हतार काम गर्ने प्रवृत्ती, निर्वाचन, स्थानीय तहको खाता सञ्चालनमा भएको ढिलाई र कर्मचारी ब्यवस्थापनको समस्याले गर्दा अपेक्षाकृत मात्रामा पुजीगत खर्च हुन नसकेको कोष तथा लेखा नियन्त्रक छविन्द्र बेलबासेले बताउनुभयो ।

चुनाव सकिएपछि सम्पन्न भएका योजना तथा कार्यक्रमको भुक्तानी र रोकीएका विकासका कामले तिब्रता पाएपनि जिल्लामा भित्रीएको विकास बजेटको ठूलो हिस्सा खर्च हुन नसक्ने देखिएको छ । बिनियोजित बजेटको समयमै खर्च गर्ने अख्तियारी नआउनु, पुर्वाधार योजनाको सर्वेक्षण, अनुगमन र मूल्याङ्कनका लागि प्राबिधिक जनशक्तिको कमी, उपभोक्ता र निर्माण ब्यवसायीको ढिलासुस्ती, झञ्जटीलो प्रक्रिया, कर्मचारीमा ईच्छाशक्तिको कमी लगायतका कारणले विकास बजेट कार्यान्वयनमा चुनौती सिर्जना भएको हो ।

यस वर्ष विकास आयोजनाको काममा ढिलाई हुनुमा बैशाख ३१ मा भएको निर्वाचनलाई पनि सरोकारवालाले साझा कारण बनाएका छन् । चालु आर्थिक वर्ष २०७३/७४ मा जिल्ला समन्वय समितिले सञ्चालन गरेका १८२ वटा पूर्वाधार सम्बन्धि योजना मध्य जेठ मसान्तसम्म ५० को हाराहारीमा मात्रै सम्पन्न भएको विवरण विकासका काममा हुने ढिलासुस्तीको उदाहरणका रूपमा लिन सकिन्छ ।

प्रतिकुल मौसम, सर्वसाधारण खेती बाली लगाउने ब्यस्त हुने असारको समयमा हतार हतार बजेट खर्चे गर्ने उद्देश्यले गरिने पूर्वाधारको काम गुणस्तरीय बन्न नसक्ने म्याग्दी बहुमुखी क्याम्पसका अर्थशास्त्र बिषयका प्रध्यापक भोलानाथ घिमीरेले बताउनुभयो ।

"आर्थिक वर्षको अन्तिममा स्टक रहेको बजेट चलायमान गराउने दृष्टिकोणले गरिने कामले थप समस्या विउत्पन्न गराउछ" घिमीरेले भन्नुभयो "हतारमा निर्माण गरिएका योजना बनाउन भन्दा मर्मतमा धेरै खर्च गर्नुपर्ने अवस्था आउँछ ।"

उपभोक्ता हकहित संरक्षण मञ्चका अध्यक्ष ठहरबहादुर भण्डारीले आर्थिक वर्षको अन्तिममा काम गरेर भौतिक र वित्तिय प्रगती देखिएपनी ब्यवहारीक रूपमा त्यसको प्रतिफल न्युन हुने गरेको बताउनुभयो ।

"बजेट खर्च गर्ने भन्दा पनी त्यसबाट कस्तो प्रतिफल प्राप्त हुन्छ भन्ने ठूलो कुरा हो" भण्डारीले भन्नुभयो "बजेटको सहि दंगले परिचालन गर्न सबै सचेत बन्नुपर्छ ।" निर्माण ब्यवसायी संघ म्याग्दीका अध्यक्ष नारायण जिसीले बजेट समयमा भुक्तानी नहुने, झञ्झटिलो प्रक्रिया, साधन स्रोतको कमी र प्राबिधिक जनशक्तिको अभावले पूर्वाधार निर्माणको काममा ढिलाई भएको बताउनुभयो ।

"असारमा सक्नुपर्ने कामको जेठमा आएर सम्झौता हुन्छ । प्राबिधिक, इन्जिनियरले लाईन देखाउने काम समयमा गर्दैनन्" जिसीले भन्नुभयो "काम गरेको रकमको भुक्तानीका लागि ठूलै सास्ती ब्यहोर्नुपर्छ । एकै समयमा धेरै ठाउँमा काम गर्दा जनशक्ति पाईदैन् । अर्कोतर्फ काम सक्नैपर्ने भनेर कार्यालयबाट दवाव आउँछ ।"

जिल्ला समन्वय समितिका स्थानीय विकास अधिकारी प्रेमराज गिरीले थोरै बजेटका धेरै टुक्रे योजना हुनु, स्थानीय तह पुनसंरचनाको विषयमा असन्तुष्ट पक्षले गरेको आन्दोलन, प्राबिधिक जनशक्तिको कमी, निर्वाचन क्षेत्र विकास पूर्वाधार कार्यक्रम कार्यान्वयनको विषयमा अन्यौलता, बेला सकिएपछि अन्तिममा काम गर्ने प्रवृती, चुनावको आचार संहिताका कारण योजना कार्यान्वयन प्रभावित भएको बताउनुभयो ।

बजेट दुरूपयोग हुन नदिन स्थलगत अनुगमनलाई तिब्रता दिएको बताउँदै गिरीले समन्वय समितिका योजनाको अन्तिम भुक्तानीका लागि असार १५ गते सम्मको म्याद दिएको जानकारी दिनुभयो । "जति काम भएको छ त्यतीकै भुक्तानी हुन्छ" गिरीले भन्नुभयो "चाहादा चाहदै पनि बिबिध कारणले पूर्वाधार योजनाका बजेट सन्तोषजनक रूपमा खर्च गर्न सक्ने अवस्था रहेन् ।"


सूचना ! सूचना !! सूचना !!!

यस म्याग्दी जीप तथा बस सञ्चालक समिति अन्तर्गत रही यस बस तथा जीप सञ्चालन गर्न चाहनुहुने महानुभावहरुलाई आफूले चाहेको रुटमा यातायात सेवा सञ्चालन गर्न पाउने गरी रुट खुल्ला रहेको व्यहोरा सम्पूर्णमा जानकारी गराइन्छ ।

थप जानकारीका लागि :

म्याग्दी जीप तथा बस सञ्चालक समिति

प्रधान कार्यालय,बेनी,म्याग्दी

फोन : ०६९५२०८८२,९८५७६४०३६३

यात्रु महानुभावहरूलाई खुशीको खबर



पश्चिम म्याग्दी यातायात प्रा.लि.को संयोजनमा २०७३ मंसिर १९ गतेदेखि बेनी-दरबाङमा अत्याधुनिक र सुविधासम्पन्न जीप सेवा सुचारु भएको व्यहोरा जानकारी गराइन्छ ।

थप जानकारीको लागि

पश्चिम म्याग्दी यातायात प्रा.लि.

दरबाङ, म्याग्दी, मोबाइल नं. ९७४१४०५०००

प्रवन्ध निर्देशक - शंकर बराईली
मो. ९८५७६२४३३४

प्रो. जीवनकुमार विश्वकर्मा
मो. ९८५७६४००३४

"नारीको चाहना शुद्ध सुनमा मनमोहक गहना"

जीवन सुन चाँदी दुकान



बेनी नगरपालिका-७, न्यूरोड, बेनीबजार
(फोन ०६९-५२०१३४)



विगत लामो समयदेखि ग्राहक महानुभावज्यूहरुको माझमा विश्वासिलो एवम् भरपर्दो सेवा प्रदान गर्दै आइरहेको यस 'जीवन सुनचाँदी दुकान'ले परम्परागत तथा अत्याधुनिक डिजाइनका शुद्ध सुनबाट बनेका तयारी गरगहनाहरु उपलब्ध गराउनुका साथै कम्प्युटर तौलका माध्यमबाट सुनचाँदी खरिद बिक्री समेत गर्दै आएको छ । भरपर्दो सेवाका लागि सदासर्वदा हामीलाई सम्झनुहोला ।

सगुन स्टेशनरी स्टोर्स

विभिन्न पाठ्यपुस्तक,स्टेशनरी सामग्री,खेलकुद एवम् पत्रपत्रिका धार्मिक तथा साँस्कृतिक सामानहरूको थोक तथा फुटकर विक्रेता

क्याम्पस चोक बेनीबजार, म्याग्दी, फोन नं. : ०६९५२००३५, मो. नं ९८४७६२४३४४

सबै काम एउटै छानामुनी

कलर तथा सादा छपाइ, नाइलन/डिजिटल छाप, स्टेशनरी तथा मसलन्द सामान, कलर तथा सादा कम्प्युटर प्रिन्ट, लेमिनेशन सेवा अर्डर बमोजिम सम्पूर्ण मसलन्द सामानहरु उपलब्ध गराइन्छ ।

प्रो. सुदर्शनकुमार श्रेष्ठ

दीप्ति अफसेट प्रेस एण्ड स्टेशनर्स

गणेशटोल बेनी, म्याग्दी

फोन नं. ०६९-५२०२४०, ५२०४४०, ९८५७६४०४४०, ९८४७६३३९९८

विजुली नभएको बेलामा जेनेरेटरको पनि व्यवस्था

खुल्यो ! खुल्यो !! खुल्यो !!!

तपाई हाम्रै नगरी पर्वत बेनीमा बागलुङ भगवती ड्राईभिङ ईन्स्टिच्युट खुलेको सहर्ष जानकारी गराउँदछौ ।








हाम्रा सेवाहरू : : जीप, कार, भ्यान, मोटरसाईकल, स्कुटर सिक्नका लागि हामीलाई सम्झनुहुन अनुरोध गर्दछौं । दक्ष र अनुभवी प्रशिक्षकहरुद्धारा तालिम प्रदान गरिने यस ईन्स्टिच्युटको आफ्नै पर्याप्त र सुबिधायुक्त पूर्बाधार तथा सवारी साधन रहेको जानकारी गराउँदछौ । नोट ग्रुपमा आउनेहरुलाई बिशेष छुटको व्यवस्था समेत रहेको छ ।

प्रो. राम के.सी

बागलुङ भगवती ड्राइभिङ इन्स्टिच्युट

पर्वत बेनी, मल्लाज जाने बाटोमा, सम्पर्क फोन ०६९५२०२११, ९८६७६४११५०, ९८४७७४६८५१

